व्यास नगर कार्यपालिकाको २२५ औं बैठक आज मिति २०८२/०७/१६ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य - सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं.८ | -श्री रामप्रसाद मिश्र | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं.१२ | -श्री हर्कबहादुर कार्की | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

| | |
|---|---|
| प्रस्ताव नं.१: | मिति २०८२/६/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा। |
| प्रस्ताव नं.२: | आ.व.२०८२/०८३ मा हालसम्म भएको सेवा प्रवाह प्रतिवेदन सम्बन्धमा । |
| प्रस्ताव नं.३: | यस आर्थिक वर्षमा भएको योजना अनुगमन प्रतिवेदन सम्बन्धमा । |
| प्रस्ताव नं.४: | यस आर्थिक वर्षमा भएको न्यायिक समिति प्रतिवेदन सम्बन्धमा । |
| प्रस्ताव नं.५: | सेतीमादी नदी तर्फको ठेक्का पुनःआब्हान गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.६: | विभिन्न निर्माण ठेक्काहरु स्वीकृत गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.७: | यस आर्थिक वर्षमा भएको आय-व्यय विवरण सम्बन्धमा । |
| प्रस्ताव नं.८: | विभिन्न सम्पन्न योजनाहरुको उद्घाटन/सञ्चालन सम्बन्धमा । |
| प्रस्ताव नं.९: | आ.व.२०८२/०८३ को प्रथम सार्वजनिक सुनुवाई सम्बन्धमा । |
| प्रस्ताव नं.१०: | हालै आएको वर्षाबाट धानवाली लगायतको क्षतिको विवरण संकलन सम्बन्धमा । |
| प्रस्ताव नं.११: | नगर प्रमुख कप-वडास्तरीय भलिवल प्रतियोगिता सञ्चालन सम्बन्धमा । |
| प्रस्ताव नं.१२: | कर्मचारी पुनःसंरचना एवं मितव्ययीता अध्ययन प्रतिवेदन सम्बन्धमा । |
| प्रस्ताव नं.१३: | भाद्र २३/२४ को जेन्जी आन्दोलनबाट आगजनी भएका गाडीको प्रास बिमा समेतबाट अत्यावश्यक कार्यालय सेवा प्रवाहका लागि गाडी खरिद सम्बन्धमा । |
| प्रस्ताव नं.१४: | सरसफाई व्यवस्थापनको जग्गा खरिदमा संघीय मन्त्रालयमा अनुरोध गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१५: | गोवर्धन शर्मा स्मृति प्रतिष्ठानबाट प्रकाशित कृषि बुलेटिन सम्बन्धमा । |
| प्रस्ताव नं.१६: | आन्तरिक श्रोतका शिक्षक दरबन्दी हटाउदै जाने गरी शिक्षक दरबन्दी मिलान सम्बन्धमा । |
| प्रस्ताव नं.१७: | सरसफाई कर्मचारी सम्बन्धमा । |
| प्रस्ताव नं.१८: | रिक्त दरबन्दी र समायोजन भएका शिक्षक कर्मचारी व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं.१९: | तनहुँ जिल्ला अदालतलाई विनियोजित रकम रकमान्तर सम्बन्धमा । |
| प्रस्ताव नं.२०: | नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा । |
| प्रस्ताव नं.२१: | गाडी मर्मत सम्बन्धमा । |
| प्रस्ताव नं.२२: | बसपार्कमा सि.सि.क्यामरा, बत्ती जडान र शौचालय मर्मत सम्बन्धमा । |
| प्रस्ताव नं.२३: | कार्यविधि संशोधन सम्बन्धमा । |
| प्रस्ताव नं.२४: | लागत साझेदारी तथा दायित्व स्वघोषणा सम्बन्धमा । |
| प्रस्ताव नं.२५: | नियमावली र निर्देशिका संशोधन सम्बन्धमा । |
| प्रस्ताव नं.२६: | वातावरण शुल्क राजश्व संकलन ठेक्का सम्झौता सम्बन्धमा । |
| प्रस्ताव नं.२७: | तारजाली वितरण सम्बन्धमा । |
| प्रस्ताव नं.२८: | रकम फिर्ता सम्बन्धमा । |
| प्रस्ताव नं.२९: | मतदाता नामावली सम्बन्धमा । |
| प्रस्ताव नं.३०: | अत्यावश्यक विपद्जन्य कार्य एवं उपचार सहयोग सम्बन्धमा। |
| | |

निर्णयहरु:

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/६/२२ को कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

<u>निर्णय नं.२:</u> प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ को हालसम्मको सेवा प्रवाह सम्बन्धी प्रस्तुत प्रतिवेदन संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.३:</u> प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अनुगमन समितिबाट यसै आर्थिक वर्षमा सम्पन्न, चालु र नयाँ प्रारम्भ गर्नुपर्ने ७ वटा योजनाहरुको अनुगमन गरिएको प्रतिवेदन बैठकमा पेश हुँदा सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.४:</u> प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगर न्यायिक समितिबाट अघिल्लो वर्षमा जिम्मेवारी सरिआएको २८ उजुरीहरु यसै आर्थिक वर्षमा पर्न आएका १६ उजुरीहरु समेत जम्मा ४४ मध्ये २२ वटा उजुरी फछ्र्यौट गरिएको बैठकमा प्रतिवेदन पेश भई पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.५:</u> प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा अर्थिक वर्ष २०८२/०८३ का लागि मादी तथा सेती नदी घाट अन्तर्गत नदीजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण गर्नका लागि आई.ई.ई प्रतिवेदन र प्राविधिक प्रतिवेदनका आधारमा मिति २०८२/०५/२२ र २०८२/०६/२६ गते विद्युतीय बोलपत्र आब्हान गरिएकोमा कुनैपनि बोलपत्र नपरेको हुँदा गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची ७ (दफा ८ को उपदफा १ सँग सम्वन्धित) बमोजिम स्थानीय तहले तोकिएको दरमा दुई पटक ठेक्का आब्हान गर्दा समेत ठेक्का नलागेमा कार्यपालिका बैठकबाट निर्णय गराई उल्लेखित दरको १० प्रतिशतसम्म थपघट गर्न सकिने व्यवस्था भए बमोजिम १० प्रतिशतले घटाई ७ दिनको ठेक्का सूचना आब्हान गर्नका लागि कार्यपालिका बैठक समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) |
|---|---|---|---|
| १. | मादी नदीको ढुङ्गा, गिट्टी, वालुवा (चापाघाट मादीको पक्की पुलदेखि शिशाघाट पक्की पुलसम्म) | ३९,३३,८१७/४९ | २,७५,३६,७२२/४३ |
| २. | मादी नदीको ढुङ्गा, गिट्टी, बालुवा (चापाघाट मादीको पक्की पुलदेखि शिशाघाट पक्की पुलसम्म) | उत्खनन् परिमाण (घन फिट) ३९,३३,८१७।४९ | न्यूनतम बोलपत्र रकम (कर बाहेक १० प्रतिशत घटाउँदा) २,४७,८३,०५०/१८ |
| ३. | मादी/सेती नदीको ढुङ्गा, गिट्टी, बालुवा व्यास १३ (निउरोघारीदेखि खहरे डाँढखोलासम्म) | १०,३५,३१२/७२ | ७२,४७,१८९/०४ |
| ४. | मादी सेती नदीको ढुङ्गा, गिट्टी, बालुवा व्यास १३ (निउरोघारीदेखि खहरे डाँढखोलासम्म) | उत्खनन् परिमाण (घन फिट) १०,३५,३१२/७२ | न्यूनतम बोलपत्र रकम (कर बाहेक १० प्रतिशत घटाउँदा) ६५,२२,४७०/१३ |

<u>निर्णय नं.६:</u> प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विभिन्न निर्माण कार्य तथा आय ठेक्काको लागि कार्यालयबाट विद्युतीय बोलपत्र आब्हान भएकोमा दर्ता हुन आएका विभिन्न फर्मका विद्युतीय बोलपत्रहरु मध्ये बोलपत्र मूल्याङ्कन समितिको सिफारिस बमोजिम तपसिल बमोजिमका ठएक्काहरु स्वीकृत गर्ने निर्णय गरियो.

| सि.नं. | योजनाको नाम र ठेगाना | फर्मको नाम र ठेगाना | कवोल रकम (कर बाहेक मु.अ.) | कैफियत |
|---|---|---|---|---|
| १ | रिस्ती आयुर्वेद योगा भवन निर्माण व्यास ८ | श्री लाहुरे काईला विल्डर्स कन्स्ट्रक्सन शुक्लागण्डकी तनहुँ | रू.२३,१९,७१३/६६ | |

| | | | | |
|---|---|---|---|---|
| २ | बेल्टारी सामुदायिक भवन निर्माण व्यास ११ | श्री विष्णु निर्माण सेवा व्यास २ तनहुँ | रू.२६,८१,१०२/२९ | |
| ३ | खहरे खोला वडा कार्यालय वस्ती संरक्षण व्यास ८ | श्री मुभमेन्ट विल्डर्स प्रा.लि. काठमाण्डौं | रू.२५,९२,४१२/४० | |
| ४ | करंकाठ बसपार्क संचालन तथा व्यवस्थापन गर्ने कार्य | श्री दुर्गराज थापा मगर म्याग्दे-१, तनहुँ । | रू.४,००,५५०/- | |

निर्णय नं.७: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको संचित कोष रू.४,५८,५५,६५५।५२ संघ तथा प्रदेशबाट रू.२८,३९,७७,९२२। र आन्तरिक आयमा रू.३,५३,४३,१४४।६२ समेत जम्मा आय रू.३६,५१,७५,७२२।१४ भएकोमा हालसम्म चालु तर्फ २१.९६ प्रतिशत र पूँजीगत तर्फ ६.५ प्रतिशत खर्च भएको बैठकमा प्रतिवेदन पेश भई गरिएका प्रस्तावित आय स्रोत र खर्च व्यवस्थापनमा नियमानुसार सकृयता बढाउन सम्बन्धित सबै शाखा, वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.८: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विभिन्न निर्माण सम्पन्न भएका वडा नं.८ को कार्यालय भवन, व्यास १० स्थित व्यास नगर अस्पताल भवन, व्यास १ र २ जोड्ने बसपार्क जाने मोटर पुलको सञ्चालन एवं उद्घाटन प्रक्रिया सम्बन्धित समिति र वडासँग समन्वय गरी अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ को प्रथम सार्वजनिक सुनुवाई व्यास नगरपालिकाको कार्यालय प्राङ्गणमा मिति २०८२/८/५ गते शुक्रबार ठिक ११:३० बजे तेस्रो पक्षबाट गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा हालसालै भएको वर्षाबाट व्यास नगरभित्रको धानबाली लगायतमा नोक्सान भएको गुनासो आएकोले तत्काल सात दिनभित्र क्षतिको विवरण सम्बन्धित वडा मार्फत संकलन गर्न कृषि, पशु तथा सहकारी विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगर अन्तर्गत दोस्रो मेयरकप वडास्तरीय पुरुष भलिवल प्रतियोगिता २०८२ कार्तिक २८ र २९ गते दमौलीमा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन नगर खेलकुद समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका संगठन संरचनामा रहेका अस्थायी, करार कर्मचारीको दरबन्दी र मितव्ययीता सम्बन्धमा अध्ययन समितिले तयार गरेको प्रतिवेदन सुशासन समितिले पारित गरी समिति मार्फत बैठकमा पेश हुन आएकोमा व्यापक छलफल गरियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आउनुपूर्व नियुक्त भएका कर्मचारीहरु, विभिन्न कार्यालयबाट समायोजन भई आएका करार सेवाका कर्मचारीहरु र नगर सभाले स्वीकृत गरेको दरबन्दी बमोजिमका र आन्तरिक श्रोतका शिक्षक कर्मचारीहरु गरी ११४ जना चौथो तहभन्दा माथिको दरबन्दी बाहिरका कर्मचारी रहेको यस अघि गरिएको संगठन संरचना स्वीकृत हुन बाँकी रहेको यस अघिको महालेखाको लेखापरीक्षण प्रतिवेदन समेतको अध्ययन, संघीय र प्रदेश ऐन समेतको प्रावधानको व्यवस्था एवं हालका जनप्रतिनिधि आउनु अघि नै नियुक्त भएका लामो समयसम्म कार्यरत कर्मचारीहरु समेत कार्यरत रहेको अवस्थामा विद्यमान संघीय सरकारको निर्देशनलाई मध्यनजर दिई राजीनामा दिइ अलग हुन चाहने कर्मचारीलाई यस नगरपालिकाको करार कर्मचारीलाई उपलब्ध गराइने सुविधा सम्वन्धी कार्यविधि बमोजिमको सुविधा उपलब्ध गराउने, सामी, भूमि शाखा, बालकल्याण, रुप, प्रधानमन्त्री रोजगार र जिसस तर्फबाट आएका र शुन्य सुत्केरी दर भएका स्वास्थ्य संस्थाका कर्मचारीलाई मार्ग प्रशस्त गर्न अनुरोध गर्ने, आगामी नगर सभाबाट अनुमोदन हुने गरी अत्यावश्यक शाखा र वडामा प्रशासन सहायकको चौथो दरबन्दी परिवर्तन गरी कम्प्युटर अपरेटरको दरबन्दी कायम गर्ने अब आइन्दा अत्यावश्यक बाहेकको दरबन्दी सृजना नगर्ने, सबै पदहरुमा रिक्त रहेका स्वीकृत

सबै तहको दरबन्दीमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगसँग माग गर्ने र अत्यावश्यक सेवा सञ्चालन गर्न आवश्यक कानून बमोजिम स्वीकृत हुन सक्ने गरी संगठन संरचना सम्बन्धी सर्वेक्षण प्रतिवेदन २०८२, मंसिर भित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने र आगामी नगर सभाबाट प्रतिवेदन बमोजिमको आवश्यक निर्णय लिने निर्णय गरियो ।

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनमा २४ गते केही व्यक्तिहरुबाट यस नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र कार्यालयका अन्य काममा प्रयोग भएको ग१झ ३३७, बा१झ ७९१३, ग१झ ४३९ र बा१झ ७०८३ नं. को ४ थान गाडी आगजनी गरी मर्मत संहार हुन नसक्ने र कार्यालयमा थप एक मात्र पुरानो गाडी ग्यारेजमा रहेको हुँदा तत्काल सेवा प्रवाहका लागि हाललाई गाडी १ र पिकअप १ बिमाबाट प्राप्त रकम समेतबाट खरिद प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै सार्वजनिक सम्पत्ति आगजनी तोडफोड गर्नेहरुलाई कानून बमोजिम कार्यवाही अघि बढाउन सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्थापना भएको ३२ वर्ष पुरा हुँदा पनि सरसफाई व्यवस्थाको जग्गा नहुँदा संकलित फोहोर वर्गीकरण हाल कार्यालय प्राङ्गणमा हुँदै आएको, व्यास १३ मा जग्गा खरिदका लागि करिव २ वर्ष अघि नै संघीय मन्त्रालयबाट स्वीकृतिका लागि प्रकृया अघि बढाइएकोमा हालसम्म निर्णय प्राप्त हुन नआएकाले पुनःजग्गा प्राप्त गर्न स्वीकृतिका लागि अनुरोध गर्ने र खरिद हुन नसक्ने अवस्था आएमा वैकल्पिक व्यवस्थामा जाने निर्णय गरियो ।

निर्णय नं. १५: प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा गोबर्धन शर्मा स्मृति प्रतिष्ठानद्वारा प्रकाशित कृषि बुलेटिन आजै विमोचन भएको र कृषि सम्बन्धी विभिन्न सूचनामूलक वुलेटिन हुँदा उक्त ट्रष्टलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा संघीय निर्देशन अनुसार मा.वि., नि.मा.वि. मा आवश्यक दरबन्दी उपलब्ध नगराई विद्यालय सञ्चालनमा आन्तरिक श्रोतबाट स्वयंसेवक शिक्षक र बाल विकास शिक्षक नियुक्त गरिएको, हाल कतिपय विद्यालयहरु समायोजन भई शिक्षक व्यवस्थापन गर्नुपर्ने देखिंदा शिक्षा प्राप्त गर्ने अधिकार, विद्यार्थी संख्या, विषयगत शिक्षक समेतलाई मध्यनजर दिई आन्तरिक श्रोतका सबै शिक्षक हटाउने गरी शिक्षक दरबन्दी मिलान गर्न शिक्षा शाखा प्रमुख श्री केदारराज आचार्य संयोजक, शिक्षा अधिकृत श्री नविन पराजुली सदस्य सचिव र शिक्षक महासंघ, शिक्षक संघ संगठनका प्रतिनिधि सदस्य रहने गरी २०८२ मंसिर भित्र पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्वीकृत दरबन्दीमा कामकाज गर्दै आएका २ जना कुचीकारले राजिनामा लिई बसेका र १ जना कुचीकार गम्भिर बिरामी परी काम गर्न नसक्ने भई ३ पद रिक्त हुन आएकोले सरसफाई जस्तो संवेदनशील कार्यमा जनशक्ति कम हुँदा अप्ठ्यारो पर्ने भएकोले निम्न व्यक्तिलाई कुचीकार पदमा मासिक रू.२०,१००। पारिश्रमिक दिने गरी सेवा करार गरी कामकाज लगाउने निर्णय गरियो ।

(१) श्री सदिप घर्ती, व्यास १३

(२) श्री विष्णुबहादुर परियार, शु.न.पा. ६

(३) श्री निखिल दरै, व्यास ११

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विद्यालय समायोजन भई व्यवस्थापन गर्ने शिक्षक, कर्मचारी एवं राजिनामा दिई रिक्त हुन आएका निम्नानुसारका दरबन्दीमा तल लेखिए बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

(क) व्यास ७ क्यामिनकोटमा रहेको आधारभूत स्वास्थ्य चौकीमा कार्यालय सहयोगी श्री लोकबहादुर गुरुङको समयावधि पुरा भई अनिवार्य अवकाश भएकाले उक्त दरबन्दी रिक्त हुन आएको र क्यामिनकोट मा.वि. समायोजन भई भवन सामग्री हेर्न हालसम्म राखिएको कार्यालय सहयोगी श्री केशकुमारी गुरुङलाई स्वास्थ्य संस्था समेत हेर्ने र सोही शाखा अन्तर्गत तलब पाउने गरी व्यवस्थापन गर्ने ।

(ख) समायोजन भइसकेको क्यामिनकोट मा.वि.मा रहेको प्रा.वि. स्थायी दरबन्दीकी शिक्षक श्री सुनिता श्रेष्ठको सुत्केरी बिदा पुरा भएको, क्यामिन मा.वि. कलेस्तीमा समायोजन भएकाले निज शिक्षक श्री सुनिता श्रेष्ठलाई क्यामिन मा.वि. कलेस्तीमा कामकाजका लागि खटाउने ।

(ग) क्यामिनकोट मा.वि.को कार्यालय सहयोगी स्वास्थ्य तर्फको रिक्त दरबन्दीमा स्थानान्तरण भइ रिक्त हुन आएको कार्यालय सहयोगी विद्यालय आवासीय रहने महर्षि वेदव्यास विद्यालय व्यास ३ मा नियुक्तिका लागि अनुमति प्रदान गर्ने ।

(घ) क्यामिनकोट मा.वि., क्यामिन मा.वि. कलेस्तीमा समायोजन भई खटाइएकी लेखापाल कर्मचारीले राजिनामा दिई दरबन्दी रिक्त हुन आएको र सो विद्यालयमा अर्को लेखापाल साविकदेखि नै रहदै आएकाले उक्त लेखापाल दरबन्दीलाई हाल शिक्षा शाखा अन्तर्गत नै सुरक्षित राख्ने निर्णय गरियो ।

(ङ) व्यास ७ क्यामिन मा.वि. की बाल विकास शिक्षक श्री सिता के.सी.लाई व्यास ५ चिन्तुटारस्थित शुक्र आधारभूत विद्यालयमा कामकाजमा खटाइएको र शुक्र आधारभूत विद्यालयकी बाल विकास शिक्षक श्री विमला पण्डितलाई क्यामिन मा.वि. कलेस्तीमा खटाइएकोमा हाल श्री सिता के.सी.ले राजिनामा दिई रिक्त हुन आएको बाल विकास शिक्षक दरबन्दी शुक्र आधारभूत विद्यालयमा पठाउने र श्री विमला पण्डितलाई क्यामिन मा.वि. खटाइएको पूर्व निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

(च) व्यास १ बुद्धदाहाल बहिरा प्रा.वि. मा दरबन्दी रिक्त रहन गएको प्रा.वि.दरबन्दीमा बहिरा शिक्षक नियुक्तिका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४३ औं नगर सभाबाट बजेट शिर्षक ८९८ (खर्च शिर्षक ३११६१) मा पूर्वाधार निर्माणमा रू.८,००,०००। (आठ लाख) विनियोजन भएकोमा हाल अदालतमा आगजनीका कारणले अत्यावश्यक कार्यालय सामग्रीहरु सवारी साधन, कम्प्युटर, ल्यापटप, फोटोकपी मेशिन, फर्निचर, सि.सि.टि.भी. तथा मिसिल लगायत जल्न गएकाले उक्त पूर्वाधारमा विनियोजित रकम कार्यालय सामाग्री फर्निचर, फर्निसिङ, वायरिङ लगायतका निर्माण तथा मर्मत कार्यमा खर्च गर्ने गरी परिवर्तन गर्ने र सो आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय पोखराबाट मिति २०८२/६/२८ गते ३० दिने नवप्रवर्तन साझेदारी परियोजनाको अवधारणा पत्र माग भएको हुँदा ४३ औं नगर सभाबाट सो शिर्षकमा साझेदारी रकम समेत विनियोजन भएकाले नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि २०८२ बमोजिम अवधारणा पत्र पेश गर्ने र उक्त कार्यका लागि कार्यविधिको दफा १७ (क) बमोजिम उद्योग, पर्यटन तथा श्रम रोजगार शाखा प्रमुख श्री राजेन्द्र कार्कीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

निर्णय नं.२१: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रहेको ४ वटा सवारी साधन जेन्जी आन्दोलनका क्रममा जली नष्ट भएको र बा१झ ५३७६ नं. को टाटासुमो गाडी नजलाई तोडफोड मात्र गरी छाडेकाले उक्त गाडी मर्मत गरी सञ्चालन गर्न सो मर्मतका लागि लागत इष्टिमेट रू.२,०३,५८०/८० आएकाले सोही अनुसार मर्मत गरी सञ्चालन गर्ने निर्णय गरियो । साथै घिरिङ गाउँपालिकामा रहेको मर्मत गरी सञ्चालन

गर्नुपर्ने गाडी यस न.पा. लाई हस्तान्तरण भई आएमा ल.ई. बमोजिमको रकम खर्च गरी मर्मत खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२२: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ करङकाठमा रहेको बसपार्क सञ्चालनका लागि व्यास नगरपालिकाद्वारा टेण्डर प्रकृया पुरा गरी सञ्चालन गरिएको हुँदा बसपार्कमा तत्काल सि.सि.क्यामेरा, बत्ती नयाँ जडान र शौचालय मर्मत गर्नका लागि लागत इष्टिमेट रू.३,४६,४०४/४४ बमोजिम काम गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२३: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ को दफा ६ को उपदफा ५ पछि उपदफा ६ थप । यस कार्यालयमा दर्ता भै सञ्चालनमा रहेको फर्महरु पर्यटन तथा उद्योग कार्यालयको सिफारिस, उद्योग तथा वाणिज्य कार्यालयमा उद्योग पञ्जीकरण गरिएको सिफारिस तथा उद्योग विभागको फर्म स्थानान्तरण स्वीकृति पत्रका साथै स्थानान्तरण भै जान चाहेको सम्बन्धित पालिकाको कार्यालय रहने ठेगाना सहितको सहमति प्राप्त गरी आएमा नियमानुसार शुल्क लिई निर्माण व्यवसायी इजाजत पत्र स्थानान्तरण गर्न स्वीकृति दिने ।

निर्णय नं.२४: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा नवप्रवर्तन साझेदारी कार्यक्रमको लागत साझेदारी गर्नका लागि यस आ.व.२०८२/०८३ को नीति, कार्यक्रम र बजेटमा रू.३०,००,०००। (तीस लाख) विनियोजन गरिएको र नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम परियोजना स्वीकृत भएमा त्यसको सञ्चालन मर्मत संहार र दिगोपनाको लागि सम्पूर्ण दायित्व व्यास नगरपालिकाले लिने निर्णय गरियो ।

निर्णय नं.२५: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिमका कानुनहरु संशोधन गर्ने निर्णय गरियो ।

(क)सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका, २०७७ (दोस्रो संशोधन)

| भएको | संशोधन गर्नुपर्ने |
|---|---|
| दफा ५ (५) सहकारी संस्थाको आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्याङ्कन गर्नको लागि तपसिल अनुसारको मूल्याङ्कन समिति रहनेछ<br>(क) संयोजक –आर्थिक विकास समिति संयोजक<br>(ख) सदस्य - कार्यपालिका कार्यकारीणी सदस्य मध्ये एक जना महिला सदस्य<br>(ग) सदस्य - आर्थिक पूर्वाधार विकास शाखा प्रमुख<br>(घ) सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको अधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव - पशु विकास उपशाखा प्रमुख | सहकारी संस्थाको आवेदन र प्रस्ताव उपर छानविन, मूल्याङ्कन तथा सिफारिसको कार्य व्यास नगरपालिका आर्थिक विकास समितिले गर्नेछ । |
| दफा ६ (१) मूल्याङ्कन समितिबाट सिफारिस भई आएका सहकारीहरूको नगर कार्यपालिकाद्धारा अन्तिम छनौट गरी प्रति किलो दश रुपैयाँको दरले अनुदान रकम उपलब्ध गराइने छ । यसरी उपलब्ध गराउने अनुदान रकम नगर सभाले तोके अनुसार हुनेछ । | आर्थिक विकास समितिबाट सिफारिस भई आएका सहकारीहरूको नगर कार्यपालिकाद्धारा अन्तिम छनौट गरी जिवित तौल प्रतिकिलो बीस रुपैयाँका दरले अनुदान रकम उपलब्ध गराइनेछ । |

(ख) दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका, २०७७ (तेस्रो संशोधन)

| भएको | संशोधन गर्नुपर्ने |
|---|---|
| दफा ५ (५) सहकारी संस्थाको आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्याङ्कन गर्नको लागि तपसिल अनुसारको मूल्याङ्कन समिति रहनेछ<br>(क) संयोजक - आर्थिक विकास समिति संयोजक<br>(ख) सदस्य - कार्यपालिका कार्यकारीणी सदस्य मध्ये एक जना महिला सदस्य<br>(ग) सदस्य - कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख<br>(घ) सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधर तथा प्राविधिक शाखाअधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव -पशु विकास उपशाखा प्रमुख | सहकारी संस्थाको आवेदन र प्रस्ताव उपर छानविन, मूल्याङ्कन तथा सिफारिसको कार्य व्यास नगरपालिका आर्थिक विकास समितिले गर्नेछ । |
| दफा ६(१) मूल्याङ्कन समितिबाट सिफारिस भई आएका सहकारीहरुको नगरपालिकाद्धारा अन्तिम छनौट गरी प्रति लिटर एक रूपैयाको दरले अनुदान रकम उपलब्ध गराइने छ । यसरी उपलब्ध गराउने अनुदान रकम नगर सभाले तोके अनुसार हुनेछ | आर्थिक विकास समितिबाट सिफारिस भई आएका सहकारीहरूको नगर कार्यपालिकाद्धारा अन्तिम छनौट गरी प्रतिलिटर दुई रुपैंयाँका दरले अनुदान रकम उपलब्ध गराइनेछ । |

(ग) व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७८ (प्रथम संशोधन)

| भएको | संशोधन गर्नुपर्ने |
|---|---|
| नियमावलीको नियम १३ (१) मा आय ठेक्का व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र सो ऐन बमोजिम बनेका नियमावलीहरुमा उल्लेख भए बमोजिम हुनेछ । | आय ठेक्का व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र नियमावलीमा उल्लेख नभएको हकमा नगर कार्यपालिका बैठकको निर्णय बमोजिम र सो मा पनि उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र सो ऐन बमोजिम बनेका नियमावलीहरुमा उल्लेख भए बमोजिम हुनेछ । |

<u>निर्णय नं.२६:</u> प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत ढुङ्गा, गिट्टी, वालुवा, ईट्टा, ब्लक, माटो, जडीबुटी तथा स्थानीयस्तरमा उत्पादन तथा प्रशोधन हुने अन्य वस्तु र सामग्रीहरु यस नगरपालिकाबाट अन्यत्र लैजादा लाग्ने वातावरण शुल्क उठाउने वोलपत्र नं. REV/VYASMUN/03/2080/083 बमोजिमको कार्यका लागि एक्सन विल्डर्स प्रा.लि. व्यास ०५ दमौली तनहुँले कवोल गरेको वोलपत्रको अंक रू.१,०६,५३,२००। (कर बाहेक) स्वीकृत भई सम्झौताका लागि पत्राचार गरिएकोमा जेन्जी आन्दोलनका कारण बैंक तथा वित्तिय संस्था र सरकारी कार्यालयहरुमा उत्पन्न भएको असामान्य वातावरणले बैकिङ्ग कागजात बनाउन ढिला भएकोले म्याद थप गरिपाउँ भनि निवेदन पेश भएकोमा मिति २०८२/०६/२२ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम मिति २०८२/०६/२८ गते सम्म समय दिई सम्झौताको म्याद थप गरिएकोमा सो समयभित्र कुल सम्झौता रकमको २५ प्रतिशतले हुन आउने रकम रू.३०,५०,०००। र मिति २०८२/०७/१२ गते थप रकम रू.१२,००,०००। यस कार्यालयको आन्तरिक राजश्व खातामा दाखिला गरेको देखिएको र २०८३ आषाढ मसान्तसम्म समयावधि रहेको व्यास नगरपालिकाको नाउँमा प्राईम कमर्सियल बैकको बैक जमानत पत्र प्राप्त भएको । वार्षिक आय ठेक्का भएका कारण चालु आर्थिक वर्षको वितेको समयमा उठाइएको रकम आम्दानी बाँधी सो अवधि वरावरको रकम दामासाहीले घटाउँदा मिति २०८२ श्रावण १ गतेदेखी म्याद थप भएको समय

२०८२/०६/२७ सम्म जम्मा ८९ दिनको दैनिक दामासाहीले हुन आउने रकम रू.२५,९७,६२९/५८ (अक्षेरुपी पच्चिस लाख सन्तानब्बे हजार छ सय उनान्तिस रुपैया पैसा अन्ठाउन्न मात्र) घटाई कुल सम्झौता रकम कर बाहेक रू.८०,५५,५७०/४२ (अक्षेरुपी असी लाख पचपन्न हजार पांच सय सँत्तरी रुपैया पैसा वयालीस मात्र) हुन आउने भएकाले म्याद सकिएको मितिदेखि पुनः अन्तिम पटकका लागि २१ दिनको म्याद थप गरी सम्झौता प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२७: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विभिन्न वडाहरुमा मनसुनजन्य वर्षाले क्षति भएका स्थानीय सडक एवं खोलाले क्षति भएका खेतीयोग्य जमिन तथा खानेपानीको मुहान संरक्षण, सिँचाईका लागि बाँध-कुलो निर्माण र घरहरु संरक्षण गर्न विपद् व्यवस्थापन सामग्री वितरण समितिद्वारा मिति २०८२/०६/२९ गतेको बैठकबाट वितरण गरिएको तारजाली लगत अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२८: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा तनहुँ खिष्ट्रियन समाजले मिति २०८२/०७/११ गतेदेखि १३ गतेसम्म दमौली सभाहल भाडामा लिन रू.८१,५००/- जम्मा गरेको र हाल उक्त हलमा जिल्ला प्रशासन कार्यालयको प्र.जि.अ. समेतको कार्यकक्ष रही सभाहलमा कार्यक्रम सञ्चालन गर्न कठिनाई हुने हुँदा कार्यक्रम नगर्न नगराउन अनुरोध भई आएकाले उक्त रकम रू.८१,५००। तनहुँ खिष्ट्रियन समाजलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं.२९: प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा आसन्न संसदीय निर्वाचनको सन्दर्भमा छुट तथा नयाँ मतदाता नामावली संकलन कार्य यही २०८२ कार्तिक मसान्तसम्म रहेको हालसम्म यस नगरपालिकामा जम्मा २३३ जनाले मात्र नयाँ नाम समावेश भएको बुझिन आएकाले सम्पूर्ण वडा समिति मार्फत टोल विकास संगठनहरुलाई परिचालन गरी छुट तथा उमेर पुगेका मतदाताहरुलाई निर्वाचन कार्यालय तनहुँबाट मतदाता दर्ता तथा फोटो खिचाउन सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.३०: प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा निम्न लिखित अत्यावश्यक कार्य, विपद्जन्य कार्य र उपचार सहयोगमा निम्नानुसार रकम निम्नानुसार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम रू. | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | कमल बहादुर दरै, उपचार सहयोग | १ | २५,०००/- | ६१ |
| २. | रोटयाक्ट क्लव, विज्ञापन सहयोग | २ | २०,०००/- | ३६ |
| ३. | जेन्जी आन्दोलनमा क्षति भएको कार्यालय भवन मर्मत | ३ | ७,६०,०००/- | ९७४ |
| ४. | हैरान्स क्लव, खेल प्रतियोगिता सहयोग | ३ | ४०,०००/- | ११७ |
| ५. | बागभञ्ज्याङ्ग मार्गमा सार्वजनिक चौतारा निर्माण | ४ | ७५,०००/- | ९७८ |
| ६. | मानुङ्गकोट भ्यूटावर जि.आइ.पाइप रेलिङ राख्ने | ५ | २,२५,०००/- | ९०६ |
| ७. | सिन्धु मार्ग, पखले खोल्सी बाटो मर्मत कल्भर्ट निर्माण | ५ | ४,५०,०००/- | ९७८ |
| ८. | रानीटारी टोल, कल्भर्टका लागि ह्युम पाइप खरिद | ५ | ३५,०००/- | ९७८ |
| ९. | ग्यालेक्सी युवा क्लव, फुटवल प्रतियोगिता सञ्चालन | ६ | ७५,०००/- | ११७ |
| १०. | समता विद्यालयको खाना/खाजा खर्च भुक्तानी (श्रावण ०८१/०८२ को बाँकी) | ७ | ३,१७,६७०/- | ७३ |
| ११. | कृष्णराज न्यौपाने, लामोखेत कुलो मर्मत | ७ | २५,०००/- | ८७५ |
| १२. | कुलबहादुर क्षेत्री, २ बोका अचानक मृत्यु | ७ | १०,०००/- | विपद् |
| १३. | कलेस्ती एग्रो फार्म ग्रास कटर मेशिन खरिद | ७ | २५,०००/- | १४२ |
| १४. | सिद्दभैँयेर टोल तारुका सिम्ले खानेपानी मोटर खरिद | ८ | १,४०,०००/- | ८७६ |
| १५. | मिश्री परियार, दुहुना भैंसी अचानक मृत्यु | ९ | २०,०००/- | विपद् |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम रू. | खर्च शिर्षक |
|---|---|---|---|---|
| १६. | ज्ञानु सुनार, उपचार सहयोग | ९ | ४०,०००/- | ६१ |
| १७. | भगवती कृषि फार्म काउम्याट खरिद सहयोग | १० | ३०,०००/- | १४२ |
| १८. | पार्वती कृषि तथा पशु फार्म काउम्याट खरिद सहयोग | १० | ३०,०००/- | १४२ |
| १९. | कुचीकार मनबहादुर दरै, उपचार सहयोग | ११ | ४०,०००/- | ६१ |
| २०. | सशस्त्र प्रहरी वल नेपाल नं.२३ गण व्याट्री खरिद सहयोग | | ३०,०००/- | ७२ |
| २१. | कुशेश्वर गुरुङ, सवारी नं. वा१झ ७०८३ गाडी मर्मत | | ४८,०००/- | ३० |
| २२. | गोमा तिवारी, आगजनीबाट स्कुटर कार्यालय काममा रहँदा आगजनी सहयोग | | ४०,०००/- | विपद् |

***